जनहितमा जारी

सामान खरीद गर्दा सकभर नजीकको आफ्नै टोलको पसलबाट खरीद गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com

ठण्डा के कारण केहू बिरामी होरहल बा त तुरुन्ते नजिक के स्वास्थ्य चौकी चाहे अस्पताल लेजाएके आदत बनावल जाओ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ पुस २६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 January 10 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १३५

## प्रदेशसभा निर्वाचन क्षेत्रहरूमा काङ्ग्रेसको विरोधसभा










तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ पुस/

संसद् विघटनको विरोधमा नेपाली काङ्ग्रेस पर्साले आज जिल्लाका ८ वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा एक साथ प्रदर्शन गरेको छ ।

संसद् विघटनलाई असंवैधानिक भनेको काङ्ग्रेसले पर्साका ८ प्रदेश सभा निर्वाचन क्षेत्रमा विरोध कार्यक्रम गरेको हो । विरोध प्रदर्शनपछि आयोजित सभालाई सम्बोधन गर्दै नेताहरूले संसद् विघटन असंवैधानिक भएको बताएका छन् । वीरगंज क्षेत्र नम्बर १ को प्रदेश सभा ख अन्तर्गत माईस्थानमा आयोजित विरोधसभालाई सम्बोधन गर्दै नेपाली काङ्ग्रेस पर्साका सभापति अजय द्विवेदीले संविधानमाथि प्रहार हुँदा काङ्ग्रेस चुप लागेर बस्न नसक्ने बताए । उनले प्रधानमन्त्री ओलीको असंवैधानिक कदमको विरोधका लागि काङ्ग्रेसले चरणबद्ध आन्दोलनका विभिन्न कार्यक्रम घोषणा गरे अनुसार आज देशका ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा विरोध ¥याली र सभा भइरहेको जानकारी दिए ।

काङ्ग्रेस सभापति द्विवेदीले झन्डै दुईतिहाई बहुमत प्राप्त नेकपाको सरकार असंवैधानिक बाटोतिर लागेको र प्रधानमन्त्रीले जबरजस्तरूपमा अधिकार दुरुपयोग गरेर प्रतिनिधिसभा विघटन गरेको आरोप लगाए ।

कार्यक्रममा पूर्वसांसद एवं काङ्ग्रेस नेता अनिल रूँगटाले संविधान निर्माणको क्रममा राजनीतिक स्थिरताका दृष्टिकोणले प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार हटाइएको उल्लेख गरे ।

माईस्थानको विरोध कार्यक्रम शिव बालक यादवको अध्यक्षतामा सम्पन्न भएको थियो । यता पर्सा प्रदेशसभा निर्वाचन ख अन्तर्गत सम्पन्न विरोधसभा अरविन्द गुप्ताको सभापतित्वमा सम्पन्न भएको र विरोधसभालाई पार्टी सभापति द्विवेदीलगायत नेताहरूले सम्बोधन गरेको नेपाली काङ्ग्रेस पर्साका सचिव श्याम पटेलले जानकारी दिए ।

नेपाली काङ्ग्रेसको क्षेत्र नम्बर २ को प्रदेशसभा निर्वाचन क्षेत्र क अन्तर्गत पचरूखी बहुअर्वामा आज विरोधसभा सम्पन्न भएको छ । विरोधसभालाई सम्बोधन गर्दै प्रदेश सभा सदस्य राजेश्वर साह तेलीले संसद्ले सरकार दिन नसकेको अवस्थामा मात्रै प्रतिनिधिसभा विघटन भई चुनावमा जानुपर्ने स्पष्ट व्यवस्था रहेको अवस्थामा प्रधानमन्त्रीले असंवैधानिक तरीकाले संसद् विघटन गरेको आरोप लगाए । उनले असंवैधानिक कदम चाल्ने प्रधानमन्त्रीले घोषणा गरेको चुनाव कुनै अवस्थामा हुन नसक्ने भन्दै दुईतिहाईको सरकार भन्ने तर संसद्मा विश्वासको मत लिन नसक्ने सरकारले चुनावबाट जनताको मत लिन्छु भन्नु आकाशको फल भएको बताए ।

विरोधसभा बुथसभापति जङ्गबहादुरदास थारूको सभापतित्वमा शुरु भएको कार्यक्रममा पर्सागढीका मेयर लोकनारायण यादव, नेता रोशन लामिछाने, विजय कर्ण, हरेन्द्र सिंह, शैलेन्द्र चौधरी, मदन यादव, वैकुण्ठ श्रीवास्तव, हृदयनारायण कुर्मी, कृष्णदेव यादव, समसुद्दीन देवान, मेराज यादव, प्रेमचन्द्र कुशवाहा, छोटेलाल यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम उमेशसाह तेलीको अध्यक्षतामा सम्पन्न भएको थियो । त्यसैगरी पर्सा क्षेत्र नं १ को (क) मा पनि मोटरसाइकल ¥याली र वीरगंज २२ मनियारीको जगरनाथपुर चोकमा विरोध सभा सम्पन्न भएको नेपाली काङ्ग्रेस पर्साका नेता रामनारायण कुर्मीले जानकारी गराए ।

नेपाली काङ्ग्रेस क्षेत्रीय कार्य समिति पर्सा क्षेत्र ३ (क)को आयोजनामा आज श्रीपुर–पचगावामा विरोधसभा सम्पन्न भएको छ । विरोधसभालाई सम्बोधन गर्दै नेपाली काङ्ग्रेसका नेता एवं पूर्वमन्त्री सुरेन्द्र चौधरीले केन्द्र र प्रदेश सरकार भ्रष्टाचारको दलदलमा फसेको आरोप लगाए । उनले प्रदेश नम्बर २ मा सबै भन्दा बढी बलात्कारको घटना भएको र यस्ता घटनामा प्रदेश सरकार मौन रहेको आरोप लगाए । पूर्वमन्त्री चौधरीले नेकपा भित्रको आन्तरिक द्वन्दको कारण ओलीले देशलाई विषम परिस्थितिमा पु¥याएको बताए ।

कार्यक्रम नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति सुलमान मियाँ दर्जीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

यसैगरी क्षेत्र नम्बर ४ को जीराभवानी गाउँपालिकाको सेढवामा आयोजित विरोधसभालाई सम्बोधन गर्दै नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले प्रधानमन्त्री केपीशर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटन असंवैधानिक भएको बताए । पाँच वर्षको अवधि रहेको संसद् विघटन गरी पुनः निर्वाचन गराउन नेपालको आर्थिक अवस्था नरहेको बताउँदै नेता रिजालले कम्युनिस्टले देशलाई बन्धक बनाउन लागेका कारण नेपाली जनताले पनि निर्वाचन चाहेको बताए । उनले देशमा जनताले राजालाई हटाउन त बाँकी राखेन भन्दै अब ओली सरकारलाई जनताले लखेटनने बताए ।

नेपाली काङ्ग्रेस प्रदेशसभा क्षेत्रीय कार्य समिति पर्सा क्षेत्र नं ४ का सभापति श्रीकान्त यादवको सभापतित्वमा सम्पन्न विरोधसभामा प्रदेशसभा सदस्य शङ्कर चौधरी, बृहष्पतिकृष्ण श्रेष्ठ, रामबहादुर श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए । त्यसैगरी आजै काङ्ग्रेसले क्षेत्र नम्बर २ अलौ, क्षेत्र नम्बर ३ विश्रामपुर र क्षेत्र नम्बर ४ मुडलीमा समेत विरोधसभा सम्पन्न गरेको नेपाली काङ्ग्रेस पर्साका सचिव श्याम पटेलले जानकारी दिए ।

आज बारामा आठवटा प्रदेशसभा निर्वाचन क्षेत्रमा नेपाली काङ्ग्रेस बाराले छुट्टाछुट्टै विरोध प्रदर्शन गरेको छ । बाराको फेटामा आयोजित विरोधसभामा तरुण दल बाराका अध्यक्ष लोकेश सिंहलगायत नेताहरूले सम्बोधन गरेका थिए ।

**प्रस, सिम्रौनगढ/**

संसद विघटनविरुद्ध नेपाली काङ्ग्रेसले आज निजगढमा विरोध प्रदर्शन गरेको छ । क्षेत्र नं १ का सभापति विजयशङ्कर यादवको नेतृत्वमा निस्केको विरोध जुलूस निजगढ बजार परिक्रमा गरी शहीद चोक पुगेर कोणसभामा परिणत भएको थियो ।


कोणसभामा प्रमुख अतिथि नेपाली काङ्ग्रेस बाराका कोषाध्यक्ष चन्द्रशेखरप्रसाद यादव, क्षेत्र नं १ का सभापति विजयशङ्कर यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम क्षेत्र नं १ (क) का अध्यक्ष रामकुमारी घलेको अध्यक्षतामा भएको थियो । नेपाली काङ्ग्रेसको राष्ट्रव्यापी केन्द्रीय विरोध कार्यक्रम अनुसार प्रदेश निर्वाचन क्षेत्र स्तरमा विरोध कार्यक्रम आयोजना गरिएको हो ।

**प्रस, रौतहट/**

संसद् विघटनको विरोध गर्दै आज नेपाली काङ्ग्रेसले रौतहटमा जुलूस प्रदर्शन गरेको छ । पुस ५ गते नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपीशर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक भन्दै काङ्ग्रेसले शनिवार गौर विपी चोकदेखि भन्सारसम्म विरोध जुलूस प्रदर्शन गरेको थियो ।

## १० महिलासहित ७१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २५ पुस/




तस्वीरः प्रतीक

रोटरी, रोक्ट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिस र रोक्ट्र्याक्ट क्लब अफ वीरगंज युनाइटेडको संयुक्त आयोजनामा शनिवार रक्तदान कार्यक्रममा १० महिलासहित ७१ जनाले रक्तदान गरेका छन् ।

गोपाल कन्दोई, शशिरञ्जन कलवार, अमित शर्मा, हरिओम साह, चन्दन सिंह, सङ्गीता कुमारी, कुसुम गुप्ता, निकिता रौनियार, उमेश प्रधान, सागर श्रेष्ठ, नसीम अंसारी, दिपु गिरी र धीरज अधिकारीलगायतले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुशावहाले बताए ।

रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका सर्भिस प्रोजेक्ट निर्देशक अनिल जैसवालको अध्यक्षता र जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी निरीक्षक सुमन कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष विनित लोहिया, डा चन्दन बनर्जी, प्रकाश आमात्य, सञ्जय जोशीलगायतको सहभागिता थियो ।

## गल्ती स्वीकार गरेर पार्टीमा फर्कन पौडेलको आग्रह

प्रस, परवानीपुर, २५ पुस/




तस्वीरः प्रतीक

नेकपा स्थायी कमिटी सदस्य देवेन्द्र पौडेलले आत्मालोचना गरी प्रतिगमन सच्याएर आए ओलीलाई गरिएको कारबाई फिर्ता लिइने बताएका छन् ।

माधव–प्रचण्ड समूहको नेकपा वीरगंज महानगर कमिटीद्वारा नगरसभागृहमा आयोजित अगुवा कार्यकर्ता अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै नेता पौडेलले पार्टी फुट्नु र अहिलेको अवस्थामा ल्याउने जिम्मेवार व्यक्ति भनेको प्रधानमन्त्री ओली नै भएको आरोप लगाए ।

नेता पौडेलले पार्टीको सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटीको निर्णय नमान्ने र तानाशाहीरूपमा अगाडि बढ्ने अधिकार ओलीलाई कसले दियो भन्ने प्रतिप्रश्न गर्दै शुक्रवार धनगढीमा आयोजित आमसभामा ओलीले जनतालाई

(बाँकी तेस्रो पातामा)

## कोरोना महामारी नियन्त्रणमा सहयोग गर्ने संस्था तथा व्यक्तिहरू सम्मानित



स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरलाई सम्मानित गर्दैं प्रउ पन्त । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले जिल्लामा कोरोना महामारी नियन्त्रण अभियानमा पर्सा प्रहरीलाई सहयोग गर्ने संस्था तथा व्यक्तिलाई प्रशंसापत्रसहित सम्मानित गरेको छ । प्रहरी कार्यालय परिसरमा आयोजित कार्यक्रममा काठमाडौं सिआइबी इन्टेलिजेन्ट्स ब्युरोमा सरुवा भई जान लागेकी प्रहरी उपरीक्षक गङ्गा पन्तले व्यक्ति तथा संस्थाहरूलाई सम्मानित गरेकी हुन् ।

पीडित सहायता कक्ष स्थापना गर्न चन्दा सहयोग गरेका पर्साका केही पालिकाका प्रमुखलाई पनि सो अवसरमा सम्मानित गरिएको थियो । सम्मानित हुनेहरूमा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँ, पटेर्वासुगौलीका अध्यक्ष हरिनारायण चौधरी, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष सुबोध गुप्ता, रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साह, रेडियो वीरगंजका समाचार प्रमुख ध्रुव अधिकारी, सञ्चारकर्मी राधेश्याम पटेल, नीरज पिठाकोटे, सुरेश विडारी, स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुर, वीरगंज हेल्थकेयरका सञ्चालक डा. अबुलैस अन्सारी, उद्योगी सत्यनारायण क्याल, सानो पाइलाका प्रमुख कार्यकारी अध्यक्ष कञ्चन झा, माइती नेपालकी सङ्गीता पुरी, आफन्त नेपाल, साना हात, पहल

(बाँकी तेस्रो पातामा)

**मानिस सधैं हाँस्छ तर ऊ कहिले खुशी भयो कसैले सोध्दैन ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# धन्यवाद दिन नबिसौं

हामी आफ्नो जीवनमा मानिसहरूलाई धन्यवाद दिन्छौं। कसैले हाम्रो मदत गरेको छ भने उसलाई धन्यवाद दिन्छौं, उसप्रति आभार प्रकट गर्छौं, उसको मदतका लागि उसप्रति कृतज्ञता प्रकट गर्छौं। त्यसो त धन्यवाद, थैन्क्यु भन्नु शिष्टाचारको एउटा हिस्सा हो, जुन हामी सामुन्नेको व्यक्तिप्रति आभार व्यक्त गर्नका लागि भन्दछौं, तर शायद मानिसलाई थाहा नहोला कि धन्यवाद दिएर हामी सामुन्नेको मानिसलाई सेवाका लागि पनि प्रेरित गर्दछौं, जसले गर्दा उसमा तत्काल सकारात्मक ऊर्जा उत्पन्न हुन्छ र उसलाई सेवा कार्य गर्न, अरूलाई सहयोग गर्न प्रोत्साहन प्राप्त हुन्छ।

**दुनियाँका मानिससँग हाम्रो परिचय गराउनुपूर्व जुन शब्दबाट सबभन्दा पहिले हाम्रो परिचय गराइन्छ, त्यो धन्यवाद नै हो, तर धन्यवाद एउटा शब्द मात्र होइन, वरन् यसमा विशेष भाव पनि लुकेको हुन्छ ।**

यदि हामी कुनै व्यक्तिलाई सेवाका लागि आभार व्यक्त गरेर उसमा सकारात्मक भाव भरिदिन्छौं भने त्यसको प्रभाव कहीं न कहीं हामीभित्र पनि पर्दछ। वास्तवमा मानव शरीर एक प्रकारको दर्पण हो, ऐना। अतः हाम्रो अगिल्तिरको व्यक्तिमा जुन किसिमको तरङ्ग उत्पन्न हुन्छ, हामीभित्र पनि त्यसको प्रतिविम्ब तयार हुन्छ।

धन्यवाद कुनै शब्द होइन, वरन् यो भित्रबाट महसूस गर्ने आभारको बाहिरी प्रदर्शन मात्र हो, त्यसैले यसलाई आफ्नो व्यवहारको हिस्सा बनाउनु जरूरी छ। अचेल धन्यवाद भन्नु औपचारिकतामा सीमित भएको छ, त्यसैले यसले आफ्नो चमत्कारी प्रभाव देखाउन पाउँदैन। मानिसलाई, विशेषरूपले, विशेष तरीकाले धन्यवाद भन्ने आवश्यकता तब महसूस हुन्छ, जब त्यो व्यक्ति वा स्थान खास हुन्छ।

हामीमध्ये कति यस्ता छौं, जसले घरमा काम गर्ने वा घरघरमा सामान दिन आउने व्यक्तिलाई धन्यवाद वा थैंक्यू भनेर बिदा गर्छौं। गार्ड वा चौकीदार जो हाम्रो लागि ढोका खोल्दा हामीलाई अभिवादन गर्छन्, तिनलाई धन्यवाद भन्नु हामी आफ्नो शानको बर्खिलाफ ठान्छौं। भन्नुको तात्पर्य दुनियाँका मानिससँग हाम्रो परिचय गराउनुपूर्व जुन शब्दबाट सबभन्दा पहिले हाम्रो परिचय गराइन्छ, त्यो धन्यवाद नै हो, तर धन्यवाद एउटा शब्द मात्र होइन, वरन् यसमा विशेष भाव पनि लुकेको हुन्छ।

पूर्वीय दर्शन एवं परम्पराका अनुसार– व्यक्ति आफ्नो जीवनमा अनेक प्रकारका ऋण लिएर जन्मेको हुन्छ। जन्मदेखि जीवनयापनको अन्तरालमा हामीमाथि कैयौंपटक, अनेक थरीले कैयौं मानिसले उपकार गरेका हुन्छन्। जब हामी यस दुनियाँबाट बिदा हुन्छौं, त्यस समय अन्तिम यात्रामा हाम्रो शवलाई काँध दिन पनि चारजनाको आवश्यकता हुन्छ, यस कुराले हामीले बुझ्नुपर्छ कि यस दुनियाँमा अन्य मानिसलाई सहयोग वा सहायता कति आवश्यक छ।

जब हाम्रो यो जीवन अरूको उपकार र सहयोगले नै अगाडि बढेको छ भने हामी अरूप्रति आभारी किन नहुने ? जब हामी कसैलाई धन्यवाद भन्दछौं, यसको अर्थ हो प्रकृतिप्रति हामी आभारी छौं। यस शब्दलाई यदि हामी कसैप्रति आभार व्यक्त गर्नका लागि प्रयोग गर्दछौं भने यसको अर्थ हुन्छ हामी उसलाई उसको महत्त्व र सार्थकता बताइरहेका छौं।

वस्तुतः यस सृष्टिमा मानिस, जीव–जन्तु वा वृक्ष–वनस्पति आदि सबै परस्पर एकअर्कासँग जोडिएका छन्, एकअर्काका आवश्यकताको पूर्ति गर्दछन्, एकअर्कालाई विभिन्न रूपमा सहयोग पुऱ्याउँछन्। यदि यस जीवनचक्रको एउटा पनि कडी चुँडियो भने प्रकृतिको यो जीवनचक्र नै बिग्रन थाल्छ। त्यसैले यो निकै जरूरी छ कि हामी आफ्नो जीवनमा अरूको महत्त्व बुझौं र त्यसका लागि उनीहरूप्रति आफ्नो आभार प्रकट गर्न नबिसौं।

यदि कोही व्यक्तिले हाम्रो लागि केही गर्दछ भने उसलाई यो जनाउ दिने प्रयास अवश्य गर्नुपर्छ कि उसले हाम्रा लागि जे पनि गरेको छ, त्यसको हामी कदर गर्दछौं। त्यसैले उसलाई धन्यवाद दिइरहेका छौं। धन्यवाद भन्नुमा दुई चीज निहित छ–पहिलो त कृतज्ञता, जुन एउटा भावना हो र दोस्रो–त्यस भावनाको अभिव्यक्ति, जुन प्रदर्शन मात्र हो।

हामीले कहिले सोचेका छौं कि जो हाम्रो मदत गर्दछन्, उनीहरू हाम्रा लागि कति खास छन्। यदि बीच सडकमा हाम्रो गाडी बिग्रन्छ र कुनै मेकानिक फेला पर्दैन, घरमा केही सामान बिग्रन्छ र बनाउने मानिस फेला पर्दैन त्यति बेला हाम्रो कति समय नोक्सान हुन्छ तर हामी केही गर्न सक्दैनौं। हामीसँग पैसा र साधन पनि हुन्छ, तर पनि हामी केही गर्न सक्दैनौं। त्यसले हाम्रो मनोदशा कस्तो हुन्छ र त्यस्ता व्यक्तिको महत्त्व कति बढ्छ सहज अनुमान लगाउन सकिन्छ। त्यही काम जब कसैले गरिदिन्छ, हामी ज्याला दिएर आफ्नो दायित्व पूरा भएको ठान्छौं।

यस प्रकार दिनभरि नमालुम कति मानिस हाम्रा लागि प्रत्यक्ष र परोक्षरूपमा काम गरिरहेका हुन्छन् हामीलाई यसको अनुभूतिसम्म हुन्न। के हामीले कहिले सोचेका छौं कि हाम्रो दैनन्दिनको जीवनमा सफाइ कर्मचारी, घरमा काम गर्ने, रिक्शावाला, वेटर, पुलिस, शिक्षक, डाक्टर आदिले आफ्नो काम नगरून् भने हाम्रो जीवनमा के के समस्या आउन सक्छ ? अनि हामी किन यिनीहरूप्रति आभारी नहुने र हृदयदेखि धन्यवाद नभन्ने।

युनिभर्सिटी अफ क्यालिफोर्नियाको एउटा शोधका अनुसार धन्यवाद भन्नुमा कैयौं स्वास्थ्य लाभ पनि छ। शोधमा भनिएको छ कि अरूप्रति आभार व्यक्त गर्ने व्यक्तिलाई निद्रा राम्रो पर्छ र उसको प्रतिरोधक क्षमता पनि बलियो हुन्छ। शोधका अनुसार–यदि हामीले दैनिक जीवनमा आभार व्यक्त गर्ने बानी बसाल्यौं भने यसबाट रक्तचाप सामान्य रहन्छ, अवसाद र चिन्ताबाट मुक्ति पाइन्छ, व्यक्तित्वको विकास हुन्छ र हाम्रो गलत बानी र व्यवहारमा सुधार हुन्छ। कसैप्रति कृतज्ञताको भावले उसलाई आफ्नो कामप्रति जिम्मेवार पनि बनाउँछ। जब हामी कसैलाई उसको कामका लागि धन्यवाद भन्दछौं यसले हाम्रो व्यवहारमा एक किसिमको लचकता आउन थाल्छ।

अमेरिकाको केन्ट स्टेट युनिभर्सिटीको एउटा शोधका अनुसार– जो मानिस आभार वा धन्यवादजस्ता भाव र शब्द लेख्ने बानी बसाल्छन्, उनीहरू बढी खुशी रहन्छन्। परिवार र मित्रजनका साथ पनि उनको सम्बन्ध मधुर हुन्छ। यसैले यदि कोही व्यक्ति धन्यवादजस्तो शब्दको महत्त्व अझ राम्ररी बुझ्न चाहन्छ भने उसले नियमित ५–१० मिनट धन्यवाद लेख्ने अभ्यास अवश्य गर्नुपर्छ।

कसैलाई विशेष धन्यवाद व्यक्त गर्नका लागि यदि लिखितरूपमा धन्यवाद व्यक्त गरियो भने यसको बढी प्रभाव पर्छ र धन्यवाद दिने र लिने दुवैलाई यसले फाइदा पुग्छ; किनकि यस्तो गर्नाले मानिस बढी प्रसन्नचित्त बन्दछ र अन्य मानिससँग उसको सम्बन्ध पनि कसिलो भइरहन्छ। यसबाट उसको भावना मधुर र संवेदनशील बन्न पुग्छ।

प्रायः हामी यस्ता मानिसलाई धन्यवाद दिन्छौं, जोसँग कुनै सम्बन्ध हुँदैन र जसले हामीलाई विशेष अवस्थामा सहयोग गरेको हुन्छ। तर हामीले तिनलाई पनि धन्यवाद भन्नुपर्छ जो हाम्रा सम्बन्धीजन हुन्, प्रियजन हुन्। यद्यपि हाम्रा प्रियजनलाई यो थाहा छ कि हामी उनका कृत्यका लागि आभारी छौं, जस्तो आमाबाबा, भाइबहिनी, हजुरबुवा हजुरआमा आदि। उनीहरूलाई दिनभरि धन्यवाद भनियो भने पनि यो शब्द कम हुन्छ, तर पनि धन्यवाद भन्नुपर्छ जसले उनीहरूलाई अनुभूति होस् कि हामी उनले गरेको कार्यको सम्मान गर्दछौं र उनका प्रति विशेषरूपले कृतज्ञ छौं।

मनोविश्लेषकहरूका अनुसार–एउटा मानिस आफ्नो जीवनमा कैयौं किसिमका अप्ठ्यारासँग जुझ्दछ, तर यसबीच हुने सकारात्मक चीजबाट उसलाई एउटा नयाँ ऊर्जा प्राप्त हुन्छ। धन्यवाद शब्द तिनै सकारात्मक चीजहरूमध्ये एक हो। जब हामी कसैलाई धन्यवाद दिन्छौं वा कसैसँग धन्यवाद प्राप्त गर्छौं दुवैजनामा सकारात्मकताको भाव उत्पन्न हुन्छ। धन्यवाद भनेर हामी अरूले गरेको कार्यका लागि उसको सम्मान गरिरहेका हुन्छौं। यसको प्रभाव अरूमा पनि पर्छ। यसरी धन्यवाद प्राप्त गर्ने चाहनाले मानिस आफ्नो काम बढी गम्भीरता र उत्साहका साथ गर्ने प्रयास गर्दछ।

धन्यवाद दिनु यस्तो प्रक्रिया हो, जसले हाम्रो व्यवहारका साथै हाम्रो अवचेतन मनमा पनि प्रभाव पार्दछ। आभार व्यक्त गर्ने व्यक्ति अपेक्षाकृत बढी प्रसन्नचित्त रहन्छ र उसलाई सामाजिक प्रतिष्ठा पनि बढी प्राप्त हुन्छ। मार्केटिङ वा सेल्सका मानिसलाई विशेष तवरले यसको व्यावहारिक प्रशिक्षण दिनुपछाडिको कारण यही हो कि धन्यवाद भनेपछि उसको गुडविल बढ्छ र मानिस उसको कुरा सुन्न आकर्षित हुन्छन्।

कसैलाई यो बताउनु कि तपाईं ऊप्रति आभारी हुनुहुन्छ, राम्रो कुरा र राम्रो बानी मात्र होइन, अपितु यो अरू व्यक्तिसँग भावनात्मक सम्पर्क पनि हो,

(बाँकी तेस्रो पातामा)

# ओली प्रवृत्तिका मतियार

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**ओलीले ओढेको राष्ट्रवादको आवरण र हठलाई अनुमोदन गर्दै जाने जनता र उनमा देवत्वकरण गर्न खोज्नेहरू पनि यो परिस्थितिका मतियार हुन् । अब ओली प्रवृत्तिको असली पहिचान र त्यसलाई उचित समय र ठाउँमा ठेगान लगाउने जिम्मा पनि जनताकै हुनेछ ।**

प्रधानमन्त्री केपीशर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि अहिले त्यसको चौतर्फी चर्को विरोध भइराखेको छ। प्रतिपक्षीमात्र होइन, एक समय ओलीका सत्ता सहयात्री पनि विरोधमा उत्रेका छन्। कानूनका जानकार र सिङ्गो नागरिक समाजले ओलीको कदमलाई असंवैधानिक भनिराखेको छ। स्वयं ओली र मन्त्रिपरिषद्का सदस्यहरू ओलीको कदमको बचाउमा लागेका छन्। तर उनीहरूका बोली निरीहमात्र होइन, कुतर्क लाग्छ।

प्रतिनिधिसभा विघटनको विषय सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ। ओलीको कदमलाई सर्वोच्चले असंवैधानिक भनिदियो भने राजनीतिले नयाँ मोड लिनेमा विवाद आवश्यक छैन। यस अर्थमा यतिखेर सबैका आँखा न्यायालयतिर छन्। यति नै बेला यो संस्थाको नेतृत्व गरिसकेका चारजना पूर्व प्रधानन्यायाधीशहरूले ओलीको कदमलाई असंवैधानिक भनेका छन्। पूर्व प्रधानन्यायाधीसहरू मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले संयुक्त वक्तव्यमार्फत संविधानको धारा ७६ मार्फत प्रतिनिधिसभा विघटन हुनै नसक्ने बताएका छन्। प्रधानमन्त्रीले यही धारा टेकेर विघटनको सिफारिश गरेका छन्। यही सिफारिशका आधारमा राष्ट्रपतिबाट गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरिएको थियो। पूर्व प्रधानन्यायाधीशहरूको अभिमत असंवैधानिक कदमको विरोधमात्र होइन, राजनीतिक सङ्कट र संविधानको मर्मसित जोडिएको विषय न्यायालयमा विचाराधीन भए पनि विधिका पक्षमा बोल्नुपर्दछ भन्ने सन्देश पनि हो।

संविधानका ज्ञाताहरूका अनुसार संविधानको धारा ७६ मन्त्रिपरिषद् गठन गर्ने प्रयोजनका लागि मात्रै हो। संविधानले मन्त्रिपरिषद् गठन गर्ने सिलसिलाबाहेक अर्को अवस्थामा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटनको अधिकार नै नदिएको बताइराख्दा प्रधानमन्त्री भने आफ्नो कदम संवैधानिक भएको ढिपी कसिराखेका छन्। यो धाराले प्रतिनिधिसभामा बहुमत साबित हुन नसकेर मन्त्रिपरिषद् निर्माणका अवरोध भएको अवस्थामा मात्रै नयाँ जनादेशका लागि व्यवस्था गरेको स्पष्ट छ। विगतका संविधानले जसरी यो संविधानले प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटनको विशेषाधिकार दिएको छैन। विगतमा प्रधानमन्त्रीको लडह र स्वार्थमा विघटनको अभ्यासले उत्पन्न अस्थिरतालाई निकास दिन संविधानले आत्मसात् गरेको हो। बहुमत प्रमाणित गर्न नसक्दाको अवस्थाबाहेक प्रतिनिधिसभा विघटनलाई संविधानले कल्पना गरेको छैन। स्वयं प्रधानमन्त्रीले आफूलाई ६४ प्रतिशत मतको प्रधानमन्त्री भएको दाबी गरिराख्दा संविधानको धारा ७६ अनुसार कसरी प्रतिनिधिसभा विघटन हुन सक्छ ? प्रश्न अनुत्तरित छ।

प्रधानमन्त्रीले आफूलाई काम गर्न अहसज भएकोले ताजा जनादेशका लागि चुनावमा जानुपरेको तर्क गरेका त छन्, तर ६४ प्रतिशत बहुमत लिएर सत्तामा उक्लिएका प्रधानमन्त्रीलाई काम गर्न कसले र किन रोक्यो, यसको समीक्षा हुनु पर्छ कि पर्दैन ? प्रधानमन्त्रीको आफ्नै दम्भ र कामकारबाईले उनी अप्ठेरोमा परेका हुन् भन्न किन्तु–परन्तुको सहारा लिइराख्नुपर्दैन। संविधानको धारा ७६ अनुसार ओलीले बहुमत प्रमाणित गर्न नसकेर प्रतिनिधिसभा विघटन भएको होइन भन्ने त उनकै शब्दमा '६४ प्रतिशतको बहुमत'ले स्थापित गरिसकेको छ। ओलीको शासकीय रवैया र उनी नेतृत्वको दलीय झमेलाको पीडा जनताले किन उठाउने ? आफ्नो दलको आन्तरिक झगडा मिलाउन नसक्ने अनि संविधानले दिंदै नदिएको व्यवस्था देखाएर प्रतिनिधिसभा विघटन गर्ने कदम आपत्तिजनकमात्र होइन, दण्डनीय छ। प्रतिनिधिसभा पुनर्स्थापना गरेरमात्र हुँदैन, यस कर्मका निम्ति ओलीलाई जनताले कारबाईको कठघरामा उभ्याउनुपर्दछ।

ओलीको करीब ३ वर्षको कार्यकाललाई फर्केर हेरौं– 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई लोकप्रियताको औजार बनाएका प्रधानमन्त्रीले जनताको समृद्धि र सुखका लागि कति काम गरे वा सुख समृद्धिको आधार बनाए ? यो समयान्तरमा हुनैपर्ने र सामान्य प्रयासमा हुन सक्ने काम भएन, तर नहुनुपर्ने काम चाहिं पर्याप्त भयो। कोरोना महामारीमा जनताको भरोसा बन्न नसक्ने ओली सरकारले आफूलाई दलाल पूँजीपति, माफिया र भ्रष्टाचारीको संरक्षकको रूपमा उभ्यायो। यतिमात्र होइन, स्वयं प्रधानमन्त्री नै भ्रष्टाचारको आरोप लागेकाहरूको प्रतिरक्षामा उभिएका लज्जाजनक दृश्य देख्न नेपाली अभिशप्त भए।

लोकतन्त्रमा शासकको आलोचना त सामान्य कुरा हो। जनताको मत लिएर सत्तामा पुगेका ओली सीमित माफियातन्त्रको पक्षपोषणमा उभिंदा उनको जयजयकार कसले गर्ला ? ओलीका अरिङ्गाल जत्थाबाहेक सामान्य चेत भएका जोकोहीका लागि ओलीको आचरण आलोचनामात्र होइन, खेदजनक हुनु स्वाभाविक हो। मैले जे सोच्छु, गर्छु अरू सबै त्यसमै सहमत हुनुपर्दछ भन्ने मनोविज्ञान ओलीमा नराम्ररी स्थापित भएको छ। यसमा सामान्य अवरोध आउनेबित्तिकै त्यसलाई काम गर्ने वातावरण नभएको देख्ने प्रधानमन्त्रीको दृष्टिमैं दोष छ।

नेकपाको घर झगडामा दलका नेताबाहेक आम जनता र कार्यकतालाई खासै चासो छैन। जनताको एकमात्र चाहना भनेको स्थायित्व र विकास हो। लामो राजनीतिक सङ्क्रमण र अन्योललाई पार गरेर स्थिरताको अपेक्षा हुर्काएर बसेको अर्थ–सामाजिक दैनिकीलाई राजनीतिक घटनाक्रमले बिथोलिदिएको छ। सुशासन र विधिको शासनको अपेक्षामा घात भएको छ। यो समग्र घटनाक्रमको केन्द्रीय भागमा ओलीको दम्भ र स्वार्थ नै स्थापित भएकोमा द्विविधा छैन। प्रधानमन्त्रीले संविधानले नदिएको अधिकार स्थापित गर्न खोजेका छन्। संविधानले नदिएको अधिकार प्रयोग गर्नु जनमतविरुद्ध अपराध हो। जनताले बनाएको संविधान उल्लङ्घन गर्ने अधिकार शासकलाई कसले दियो ?

कुनै पनि राजनीतिक घटनाक्रमबाट उत्पन्न परिस्थितिको निकासका निम्ति संविधान मिच्ने छुट कसैले पाउनुहुँदैन। संविधानवाद भन्छ, संविधानभन्दा माथि कोही हुँदैन। यसो हो भने प्रधानमन्त्रीले संविधान मिचेर अपराध गरेका छन्। शक्ति र स्वार्थ सङ्घर्षले काम गर्ने वातावरण दिएन भनेर देशलाई अस्थिरतातिर धकेल्ने काम देश र जनतामाथि अपराध हो। यो अपराध कर्ममा दोषी जोकोहीलाई दण्डको भागीदार बनाइनुपर्दछ, भविष्यमा कुनै शासकले वैयक्तिक स्वार्थ र लडहमा संविधान मिच्ने दुस्साहस नगरोस्। ओलीलाई कस्तो दण्ड दिने ? असंवैधानिक कदमका लागि अवैधानिक दण्डको पैरवी मिल्दैन। उनी यतिखेर ताजा जनमत आफ्नो पक्षमा आउने स्वप्न देखिराखेका छन्। प्रकारान्तरले उनलाई कारबाई गर्ने भनेको त जनताले आफ्नो मतबाटै हो।

अहिले यो विषय सर्वोच्चमा विचाराधीन रहेको अवस्थामा अदालती आदेशबाटै ओलीको प्रतिगामी र गैरसंवैधानिक कदमको निरूपण हुने अपेक्षा गर्न सकिन्छ। अदालतबाट ओलीको कदमलाई अमान्य घोषणा भयो र प्रतिनिधिसभा पुनर्स्थापना भयो भने राजनीतिले नयाँ मोड लिनेछ। यसो भएमा ओली पक्षधर सडकमा नउत्रिएलान् भन्न सकिन्न। विगतमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले गरेको प्रतिनिधिसभा विघटन सर्वोच्चले अमान्य ठह्याएपछि सडकमा रेलिङ भाँच्नेहरूमध्ये अधिकांश यही समूहमा भएकाले यो अभ्यासको पुनरावृत्ति नहोला भन्न सकिन्न।

ओलीको कदमविरुद्ध सडक सङ्घर्ष नै गर्नुपर्ने अवस्था आयो भने त्यो अस्थिरताको अर्को कारण बन्नेछ। अहिले नै सडकमा प्रदर्शनहरू भइराखेका छन्। आन्दोलनका आयामहरू कदापि सुखद र सुविधाजनक हुँदैनन्। यसले आर्थिक–सामाजिक सरोकार र स्वाभाविक अपेक्षाहरूलाई कुण्ठित गर्दछ। ओलीको गैरसंवैधानिक कदम लोकतन्त्रमाथिकै हमला हो। तर, आफूलाई लोकतन्त्रको पहरेदार ठान्ने मुख्य प्रतिपक्षी नेपाली काङ्ग्रेस अहिले ओलीको कदमलाई प्रतिगामी भन्दै चुनावको तयारीमा लागेको छ। बितेको चुनावमा नराम्रो हार चाखेको काङ्ग्रेसका लागि नेकपामा देखिएको चुनाव आफ्नो पक्षमा पार्ने औजार त बन्न सक्दछ, तर पहिलो प्राथमिकता भनेको गैरसंवैधानिक कदमको सशक्त प्रतिवाद नै हो। अहिले ओलीको कदम अनुसार चुनावमा जाँदा लोकतन्त्र र शासकीय पद्धतिमाथि खराब नजीरको रूपमा स्थापित हुनेछ।

हामीले हेक्का राख्नुपर्ने सत्य के पनि हो भने अहिले ओलीको असंवैधानिक कदमको विरोधको अग्रमोर्चामा प्रकट भएका उनका तत्कालीन सहकर्मीहरू दूधले नुहाएका भने होइनन्। केन्द्रीय पात्रमा ओली प्रकट भए पनि वर्तमान राजनीतिक सङ्कटमा उनीहरूको भूमिका छैन भन्ने चाहिं होइन। नेकपाको आन्तरिक शक्ति सङ्घर्ष केका लागि थियो ? ओली र प्रचण्ड–माधव समूहबीचको टकरावमा सुदूरसम्म जनहित र सरोकारका विषय छैनन्। स्वार्थको बेमेल र वर्चस्वको होड नै उनीहरूबीच मनमुटावको कारण हो। उनीहरूको स्वार्थसित आम सरोकारको कुनै नाता छैन। अहिले ओलीको कदमविरुद्ध देखिएको अभिमतलाई उनीहरूले आफ्नो पक्षमा प्रकट भएको मत ठान्नु आलोकाँचो बुझाइ हो। प्रबुद्ध नागरिक समाजले ख्याल गनुपर्ने तथ्य यो हो कि ओलीको स्वेच्छाचारको प्रतिवाद गर्दा प्रचण्ड–माधवहरूको स्वार्थको गोटी बनिने सम्भावनाबाट सचेत रहनुपर्दछ। विगतमा पनि नागरिक समाज बारम्बार राजनीतिक दलहरूका लागि सत्तामा जाने भऱ्याङ बनेकै हो। अहिले ओलीमा देखिएको प्रवृत्ति भोलिका दिनमा प्रचण्ड–माधवहरूमा देखिन्न भनेर ढुक्क हुने आधार छैन। ओलीको दम्भ र उखान टुक्काको भरमा कटुतामात्र ओकल्ने शैलीलाई वाहवाही गर्ने जमात पनि अहिलेको सकसमा जिम्मेवार छ। ओलीले ओढेको राष्ट्रवादको आवरण र हठलाई अनुमोदन गर्दै जाने जनता र उनमा देवत्वकरण गर्न खोज्नेहरू पनि यो परिस्थितिका मतियार हुन्। अब ओली प्रवृत्तिको असली पहिचान र त्यसलाई उचित समय र ठाउँमा ठेगान लगाउने जिम्मा पनि जनताकै हुनेछ।


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी राष्ट्रपति ट्रम्पको ट्वीटर खाता सधैंका लागि बन्द

सान फ्रान्सिस्को,२५ पुस /सिन्ह्वा

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्वीटर खाता सधैंका लागि बन्द भएको छ । ट्वीटर सञ्चालक कम्पनीले 'एटदरेटरियलडोनाल्डट्रम्प' नामक उनको खाता सधैंका लागि बन्द गरिदिएको घोषणा गरेको हो ।




उनको ट्वीटर खाताबाट हिंसा फैलिने खतरा भएकाले हटाइदिएको कम्पनीका अधिकारीहरूले शुक्रवार जानकारी दिएका छन् ।

ट्वीटरको भिडियोसम्बन्धी नीति विपरीत उनले भिडियो राखेकाले उनको खाता हटाउन बाध्य भएको कम्पनीको भनाइ छ । अमेरिकाको संसद्मा उनका समर्थकहरूले गरेको हिंसात्मक घटनासम्बन्धी भिडियो उनले ट्वीटरमा राखेपछि उनको सर्वत्र आलोचना भएको थियो । उनले हिंसा मचाउनेलाई देशभक्तको संज्ञा दिएपछि उनीविरुद्ध आक्रोश थप बढेको थियो ।

ट्वीटरमा उनले राखेको भिडियो हटाउन सर्वत्र दबाब आएपछि ट्वीटरले शुरूमा भिडियो हटाइदिएको थियो । त्यसपछि पनि उनले ट्वीटरको दुरुपयोग गरेको भन्दै ट्वीटरले उनको खाता केही समय बन्द गरिदिएको थियो । अहिले भने सधैंका लागि बन्द गरिदिएको हो ।

राष्ट्रपति ट्रम्पले राज्यशक्तिको दुरुपयोग गरेको र लोकतन्त्रको खिल्ली उडाएको भन्दै धेरैले आलोचना पनि गरेका थिए । अमेरिकाका केही सांसद र चर्चित व्यक्तिहरूले ट्रम्पको खातामाथि प्रतिबन्ध लगाउन वर्षौंदेखि माग गर्दै आएका थिए ।

बिहीवार पूर्व राष्ट्रपति बराक ओबामाकी पत्नी मिसेल ओबामाले ट्विटरले ट्रम्पको 'राक्षसी व्यवहार' माथि रोक लगाउनुपर्ने र उनलाई स्थायीरूपमा निष्कासित गर्नुपर्ने बताएकी थिइन् । अमेरिकी संसद्ले राष्ट्रपतीय निर्वाचनमा जो बाइडेनको जितलाई औपचारिकता दिने प्रक्रिया अगाडि बढाइरहेका बेला ट्रम्पका सयौं समर्थकहरूले संसद् भवनमा प्रवेश गरेर हिंसा मचाएका थिए । हिंसामा चारजना सर्वसाधारण र एकजना प्रहरी अधिकारीको मृत्यु भएको छ । रासस

## चीनमा कोभिड १९ बारे अनुसन्धान गर्न विश्व स्वास्थ्य सङ्ठनलाई चीनले सघाउने

बेइजिङ, २५ पुस/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठनका अनुसन्धानकर्ताहरूलाई चीनमा अनुसन्धानको अनुमति दिनका लागि चीन तयार भएको चीनले बताएको छ। विश्व स्वास्थ्य सङ्गठनले कोभिड १९ भाइरसको उत्पत्तिको विषयमा चीनमा अनुसन्धान गर्ने इच्छा देखाएको थियो। तर विगतमा भने चीनले विश्व स्वास्थ्य सङ्गठनका अनुसन्धानकर्ताहरूलाई प्रवेश गर्न दिए पनि अनुसन्धान गर्न नदिने बताउँदै आएको थियो । तर शनिवार चीनले ती अनुसन्धानकर्ताहरूलाई चीनमा अनुसन्धानको लागि अनुमति दिइएको बताएको छ ।

चीनको वुहान शहरमा कोभिड भाइरस उत्पत्ति भएको बताइएको छ। त्यस विषयमा विश्व स्वास्थ्य सङ्गठनले अनुसन्धान गर्न चाहेको थियो। तर चीन सरकारले दिएको थिएन । शनिवार चीनका एकजना वरिष्ठ स्वास्थ्य अधिकारीले यो जानकारी दिएका छन्। उनले भनेका छन् कि चीनले विश्व स्वास्थ्य सङ्गठनका अनुसन्धान अधिकारीहरूलाई यस विषयमा अनुमति दिएको छ र आगामी केही दिनमा उनीहरूको आगमन भए चीनले स्वागत गर्नेछ। चीनको नेशनल हेल्थ कमिशनका निर्देशक चेन इसिनले सो कुरा जनाएका हुन् । उनले ती अधिकारीहरूले चीनमा कोभिड १९ उत्पत्तिबारे गर्ने अनुसन्धानमा पूर्णरूपमा सघाउन चीन तयार रहेको बताए।

चेनले भने–विश्व स्वास्थ्य सङ्गठनका अनुसन्धानकर्ताहरूले यस अनुसन्धानका विषयमा उनीहरूको कार्यक्रम र कार्यसूची के कस्तो छ, हामीलाई थाहा दिएपछि उनीहरूसँगै हाम्रा अनुसन्धान अधिकारीहरू पनि वुहान जान तयार छन्।

यस अनुसन्धानमा आवश्यक सहयोग गर्ने र उनीहरूको कार्यक्रम अनुसार नै आफ्ना अनुसन्धान अधिकारीहरू वुहान जाने पनि चीनका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले बताएका छन् ।

## उत्तर कोरियाली नेता किमद्वारा अमेरिकालाई शत्रुतापूर्ण नीतिको अन्त्य गर्न आग्रह

प्योङयाङ, २५ पुस/सिन्ह्वा

उत्तर कोरियाली नेता किम जोङ अनले अमेरिकालाई आफ्नो देशप्रति शत्रुतापूर्ण नीति अन्त्य गर्नुपर्ने बताएका छन् ।


तस्वीरः सिन्ह्वा

उत्तर कोरियाको सरकारी समाचार समिति, केसिएनएले शनिवार सो समाचार दिएको छ । उक्त समाचार समितिका अनुसार उत्तर कोरियाली नेता अनले अमेरिकालाई आफ्नो देशविरुद्ध अमेरिकाले पहिलेदेखि नै शत्रुतापूर्ण नीति लिएकोले सो अन्त्य गर्नुपर्ने बताएका हुन्। उत्तर कोरियाली सत्तारूढ पार्टीको आठौं काङ्ग्रेस बैठकमा नेता अनले सो कुरामा जोड दिएको शनिवार सो समाचार समितिलाई उद्धृत गर्दै विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले बताएका छन्। उनले अमेरिकाले उत्तर कोरियासँग शत्रुतापूर्ण नीति अन्त्य गरेपछि मात्र उत्तर कोरिया र अमेरिकाबीच सम्बन्ध सहज हुने बताएका हुन् ।

अमेरिकामा डोनाल्ड ट्रम्पले निर्वाचन हारेर जो बाइडेन नयाँ राष्ट्रपति निर्वाचित भएका छन्। तर पनि अहिलेसम्म उत्तर कोरियाली नेताले भने अमेरिकी निर्वाचन र त्यसपछिको नेतृत्वबारे कुनै प्रतिक्रिया दिएका थिएनन्। उत्तर कोरियाली नेता किमले यही जनवरी २० मा अमेरिकाको राष्ट्रतिमा जो बाइडेन नियुक्त हुन लागेको केही दिनमात्र अघि शनिवार यस्तो प्रतिक्रिया दिएका हुन् । उनले दक्षिण कोरियाबारे पनि यस्तै प्रतिक्रिया दिएका थिए ।

दक्षिण कोरियाले पनि आफ्नो देशप्रति विगतजस्तो शत्रुतापूर्ण सम्बन्धको नीति नलिने हो भने दक्षिण कोरियासँग तीन वर्ष अघिजस्तै अवस्थामा पुग्ने बताएका थिए ।

उत्तर कोरियाली नेता किम र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच तीन वर्ष अघि उच्चस्तरीय वार्ता पनि भएको थियो । त्यस वार्ताको समन्वय दक्षिण कोरियाले गरेको थियो । त्यसैले गएका कैयौं दशकपछि पछिल्लोपटक करीब तीन वर्ष अघि भने उत्तर कोरिया र दक्षिण कोरियाबीच सम्बन्धमा सुधार आएको थियो । रासस

### गल्ती स्वीकार गरेर....

दिगभ्रमित गर्न खोजेको आरोप लगाए। उनले प्रचण्ड र नेपाललाई भगौडा नेता भन्ने ओली आफैं भगौडा भएको दाबी गरे । उनले कुनै हालतमा निर्वाचन हुन नसक्ने र ओली सरकार सत्ता लम्ब्याउने खेलमा रहेको बताए । नेकपा महानगर कमिटीका अध्यक्ष रहबर अन्सारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य रामचन्द्र साह तेली, दिनेश राई, विघटित सांसद पुष्पा कर्ण, पूर्व सभासद् विचारी यादव, जगरनाथपुर गापा प्रमुख जालिम मियाँ, नेकपा प्रदेश २ सदस्य बालगोपाल थापालगायत वक्ताहरूले मन्तव्य व्यक्त गरेका थिए ।

### कोरोना महामारी नियन्त्रण....

संस्थाका दिलीपराज कार्की, वीरगंज युवा समाजका कमल चौगाई,स्प्रिट क्लब, टाइगर क्लब, साइक्लिङ क्लब अफ वीरगंजका सञ्जय अग्रवाल, मीनाबजार सामुदायिक प्रहरी सेवाका विदुर गुप्ता, नेपाल रेडक्रसका राजन श्रीवास्तव सम्मानित भएका थिए ।

पर्साका प्रहरी नायब उपरीक्षक मनोजित कुँवरको सहजीकरणमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पर्साका अध्यक्ष श्याम बन्जारा, वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष सुबोध गुप्ता, जगरनाथपुरका अध्यक्ष जालिम मियाँ, विदुर गुप्तालगायतले प्रहरी उपरीक्षक पन्तको आगामी कार्यकाल सफल होस् भनी शुभकामना दिएका थिए ।

कार्यक्रममा बोल्दै एसपी पन्तले कोभिड नियन्त्रण र शान्ति सुव्यवस्था कायम गर्न यहाँको जनमानस, नागरिक समाज तथा पत्रकारलगायत विभिन्न सङ्घसंस्थाले लगाएको गुन बिर्सिन नसक्ने र वीरगंजको अनुभव जीवनभरि काम लाग्ने चर्चा गरिन्। उनले २१ वर्षे सेवा अवधिमा कहिले पनि गलती नगरेको दाबी गर्दै आउने बेला पत्रकार सम्मेलन गरेको र जाने बेलामा पनि पत्रकार सम्मेलन र सम्मान कार्यक्रम गरेर जाँदै गरेको स्पष्ट पारिन् ।

कार्यक्रमको अन्त्यमा पत्रकारहरूको लागि पर्सा प्रहरी वा एसपी पन्तका कमी कमजोरीबारे फ्लोर ओपन गरिएको थियो ।

## मुख्यमन्त्रीको टोली नाला अनुगमनमा

प्रस, वीरगंज,२५ पुस/

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउतसहितको टोलीले आज वीरगंज महानगरपालिकाको वडा नम्बर १५ लक्ष्मणवा, भिस्वामा सडक, नालाको स्थलगत अनुगमन गरेको छ ।

मुख्यमन्त्री राउतको निर्वाचन क्षेत्रसमेत रहेको भिस्वा र लक्ष्मणवामा आगामी दिनमा सडक र नालासम्बन्धी काम, विगतमा प्रदेश सरकारबाट भइरहेका योजनाको अनुगमन, निरीक्षण तथा गुणस्तरीयताबारे स्थलगत अवलोकन गरिएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

सो अवसरमा मुख्यमन्त्री राउतले लक्ष्मणवा र भिस्वाका बासिन्दासँग स्थानीय समस्याको जानकारी लिएका थिए ।

मुख्यमन्त्री राउतसँगै अनुगमन टोलीमा वीरगंज महानगरपालिकाका नगरप्रमुख विजय सरावगी, रेडियो वीरगंजका कार्यकारी निर्देशक ध्रुव साह, जसपाका नेता रमेश यादव, मुख्यमन्त्रीका स्वकीय सचिव दिपक यादव, अजय सर्राफलगायत स्थानीय नागरिक समाजका अगुवाहरूको सहभागिता रहेको थियो ।

## बिन्दवासिनीमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न

प्रमोद यादव, पचगावाँ,२५ पुस/

बिन्दवासिनी गाउँपालिकाको सहयोग तथा श्री जनजागरण युवा क्लब पर्साको आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो। बिन्दवासिनी गाउँपालिका –५ परसौनी भाठा विद्यालय प्राङ्गणमा भएको कार्यक्रमको उद्घाटन गाउँपालिका का निमित्त प्रमुख प्रशासकीय अधिकृत मुना साह रौनियारले गरेका थिए ।

आयोजक क्लबका अध्यक्ष शिवकुमार साहले अध्यक्षता गरेको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख नरेश चौहान, सहसंयोजक रामेश्वर चौरसिया, लेखा अधिकृत मिथिलेश कुशवाहा, राजस्व शाखाका सुब्बा वीरेन्द्र साह, सञ्चारकर्मी प्रमोद यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

शिविरमा नारायणी अस्पतालका चिकित्सकहरू डा. नवीन यादव, डा अस्मिता उपाध्यय, डा. श्यामबाबू साह, डा. आकाश गुप्ता, डा रयाजुलहक, लगायतले सेवा दिएका थिए। शिविरमा ४४० जनाको स्वास्थ्य परीक्षण तथा आषधि वितरण गरिएको गाउँपालिकाको कार्यालयले जनाएको छ ।

## जनता समाजवादीको विरोध कार्यक्रम

नरेश यादव, पर्सागढी २६ पुस/

पर्सागढी नगरपालिका–४ स्थित


तस्वीरः प्रतीक

आमोदेवी जनता क्याम्पसको प्राङ्गणमा जनता समाजवादी पार्टी नगर संयोजक शेख खुर्शीदको अध्यक्षतामा अगुवा कार्यकर्ता भेला सम्पन्न भयो ।

कार्यक्रमका मुख्य अतिथि पार्टी पर्साका अध्यक्ष रामनरेश यादवले संविधानमा उल्लेख नै नभएको अधिकार प्रयोग गरेर संविधान उल्लङ्घन गरी प्रधानमन्त्री ओलीले संसद् विघटन गर्नु अलोकतान्त्रिक कदम भएको बताएका थिए। कार्यक्रममा प्रदेशसभा सदस्य करीमा बेगम, राजेश्वरकुमार साह, शिव पटेल, श्रीराम गिरी, अशोक यादव, वार्ड नं ७ का अध्यक्ष रामजी साह, असलम आलमलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## विजयबस्तीमा राजयोग शिविर

प्रस, ठोरी, २५ पुस/

ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले ठोरी गाउँपालिकाको विजयबस्तीमा तीन दिने प्रशिक्षण शिविर शुरू गरेको छ ।

शनिवारदेखि शुरू भएको तीनदिने प्रशिक्षण शिविरको प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले उद्घाटन गरेका थिए ।

ब्रह्मकुमारी राजयोग उपसेवा केन्द्र ब्रह्मनगरका अध्यक्ष गोपी श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन समारोहमा रामबहादुर श्रेष्ठ, लालबहादुर श्रेष्ठ, बईबहादुर पाख्रीन, सन्तोष श्रेष्ठ, तिलक श्रेष्ठ, मनोज श्रेष्ठ, शम्भु पौडेल, गोपीलाल श्रेष्ठले मन्तव्य व्यक्त गरेका थिए ।



तीन दिनसम्म चल्ने प्रशिक्षणमा वरिष्ठ राजयोग प्रशिक्षक विजयराज सिग्देलले प्रशिक्षण दिने बताइएको छ ।

## सृजना मध्यवर्ती सहकारीको १२ औं साधारणसभा

चिरञ्जीवी सापकोटा, ठोरी, २५ पुस/

ठोरी गाउँपालिका–२ हनुमाननगरको सृजना मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं साधारणसभा श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय प्राङ्गणमा सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

संस्थाका अध्यक्ष घनश्याम अधिकारीको अध्यक्षता एवं निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्तेतको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको मुख्य नारा 'मर्यादित श्रम र पर्यटनका लागि सहकारी' थियो।

सो अवसरमा सहकारीका लेखा संयोजक कमलविक्रम तिमल्सिनाले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने समितिकी कोषाध्यक्ष गोकुली रेग्मीले लेखा परीक्षण प्रतिवेदन, लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन धर्मेन्द्र कुमार कलवारले र समितिका व्यवस्थापक जगेन्द्र पौडेलले सहकारीको अनुमानित नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र अन्तर्गतको उक्त सहकारीमा हाल करीब ६ सयजना शेयर सदस्य र २ करोड २२ लाख २८ हजार ६ सय रुपियाँ कुल पूँजी रहेको सहकारीका व्यवस्थापक पौडेलले जानकारी दिए ।

कार्यक्रममा ठोरी–१ का वडाध्यक्ष रामप्रकाश कुँवर, सहकारीका शिक्षा उपसमितिका संयोजक रामबहादुर बिष्ट लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

### धन्यवाद दिन....

जसको हामीलाई आफ्नो मानसिक स्वास्थ्य ठीक राख्नका लागि आवश्यकता हुन्छ । मानिस यो जान्न चाहन्छ कि उसले जे गरिरहेको छ त्यसप्रति कतिको ध्यान दिइएको छ र त्यसको कति प्रशंसा हुन्छ । धन्यवाद पाएपछि सामुन्नेको मानिस दुई गुना उत्साहले काम गर्ने प्रयास गर्दछ । जब तपाई कसैलाई धन्यवाद भन्नुहुन्छ, सामुन्नेका व्यक्तिको दृष्टिमा तपाईंको इज्जत बढ्दछ र ऊ तपाईंको व्यवहारले प्रभावित भएर अरूको मदतका लागि तयार हुन्छ ।

हाम्रो वेद, पुराण र शास्त्रमा पनि धन्यवादबारे विस्तारले वर्णन गरिएको छ । हामी मान्दछौं कि भगवान् सर्वशक्तिमान छन् र उनकै कृपाले यो संसार बनेको छ र चलि पनि रहेको छ। हामी स्वयं पनि भगवान्प्रति कृतज्ञ हुन्छौं, आभार व्यक्त गर्दछौं । हामी आफ्नो दैनिक जीवनमा जे पनि पूजा–आराधना गर्दछौं, यो पनि उनलाई धन्यवाद दिने एउटा माध्यम हो र उनीसँग आफ्नो जीवनका लागि मार्गदर्शन गरिदिने प्रार्थना हो ।

धन्यवाद दिनुमा निहित कृतज्ञताको अभावमा हामी अन्य चीजमा आफ्नो अधिकार मानेर बसेका हुन्छौं। सन्तोषको अभाव एवं अनवरत अरू पाउने लालसाले हामीलाई कृतज्ञ हुनबाट रोक्छ। कृतज्ञताज्ञापनभन्दा पहिले हामी प्रायः कर्म वा कृपा परिणाम उद्घाटित हुने प्रतीक्षा गर्दछौं। यसले विश्वास र आस्थामा कमी छ भन्ने सङ्केत गर्दछ र हामीलाई परिणाम त्यसै रूपमा प्राप्त हुन्छ। कृतज्ञताले हामीलाई अरूको उपकार बुझाउन एक प्रकारले मदत गर्दछ ।

धन्यवाद दिनका लागि कुनै विशेष अवसर पर्खनुको साटो सानासाना अवसर खोज्नुपर्छ । प्राविधिकरूपमा मानिस आफ्नो काम गर्दछ, यसका लागि उसलाई धन्यवादको आवश्यकता हुँदैन, तर धन्यवाद शब्दले उसको कामको महत्त्व बढ्छ। अतः हामीले ती मानिसलाई पनि धन्यवाद भनिरहनुपर्छ, जसले हाम्रो जीवनलाई जिउनेयोग्य बनाउँदछन् र प्रत्यक्ष वा परोक्षरूपमा हामीलाई मदत गर्दछन् ।

# यौन किनबेच गर्ने कुरा होइन –प्रउ पन्त

प्रस, परवानीपुर, २५ पुस/

पर्साकी प्रहरी उपरीक्षक गङ्गा पन्तले यौन किनबेच गर्ने कुरा नभएको बताएकी छन्। होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजले आयोजना गरेको सम्मान तथा बिदाई समारोहलाई सम्बोधन गर्दै उनले होटल व्यवसायीलाई इमानदारीका साथ होटल व्यवसाय सञ्चालन गर्न सुझाव दिइन्।

बिर्तास्थित होटल अन्नपूर्णमा आयोजित बिदाई कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो कुरा बताएकी हुन्। "कोरोना महामारीले वीरगंजको होटल व्यवसाय थलिएको छ, ठूलो घाटा लागेको छ, तर मैले धेरै कडाइ गरिनँ"–उनले भनिन्–"होटलहरूमा यौन व्यवसाय पनि चल्छ भन्ने सुनिन्छ, यदि त्यस्तो हुने गरेको छ भने सच्चिनुहोला।"

काठमाडौंमा हुँदा होटलमा त्यस्ता घटना धेरै भेटिन्थे।

होटलको मापदण्ड र नियम अनुसार चल्न उनले जोड दिइन्। उनले वीरगंज स्वच्छ र सफा भयो भने यहाँको होटल व्यवसाय पनि चल्ने कुरामा जोड दिइन्।

स्थानीय, प्रदेश र केन्द्र सरकारसँग वीरगंजको विकास र सफाइको सन्दर्भमा पहल गर्न होटल व्यवसायीलाई आग्रह गर्दै उनले होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तको अध्यक्षता र दिलीपराज कार्कीको सहजीकरणमा भएको कार्यक्रममा जेष्ठ नागरिक सङ्घ पर्साका पूर्व अध्यक्ष एवं सम्झना होटलका सञ्चालक पशुपतिविक्रम शाह, क्लार्क रिसोर्टका सञ्चालक सुनील खेतानलगायत होटल व्यवसायीहरूको सहभागिता थियो।

यसैगरी कोभिड एक्सन टिमले जिल्ला समन्वय समिति पर्सामा कार्यक्रमको आयोजना गरी प्रउ पन्तलाई बिदाई गरेको थियो।

सो अवसरमा प्रउ पन्तले पाएको जिम्मेवारी इमानदारी साथ पूरा गर्ने प्रयत्न गरेको बताइन्। कार्यक्रममा नेकाका श्याम पटेल, जसपाका रामनरेश यादव, पत्रकार महासङ्घका प्रदेश उपाध्यक्ष केसी लामिछाने, श्याम बञ्जारालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रम जिसस पर्साका सभापति नेकमहम्मद अन्सारीको अध्यक्षतामा भएको थियो भने स्वागत तवरेज अहमदले र सहजीकरण सञ्जय मिश्रले गरेका थिए।

यसैगरी ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले पनि प्रउ पन्तको बिदाई गरेको थियो। केन्द्रका अध्यक्ष प्रकाश खेतान, मुर्ली जलान, रूँगटा वेलफेयरका सुरेश रूँगटा, वीरगंज युवा समाजका कमल चौंगाईलगायतले प्रउ पन्तलाई खादा, माला लगाएर बिदाई गरेका थिए।

# नेपाल–भारत सोसियो–इकोनोमिक फोरम गठन

प्रस, परवानीपुर, २५ पुस/

उद्यमी–व्यवसायी र पेशाकर्मीहरूको भेलाले नेपाल–भारत सोसियो–इकोनोमिक फोरम गठन गरेको छ।

वीरगंजका उद्यमी अशोककुमार टेमानीको अध्यक्षतामा फोरम गठन भएको हो।

नेपाल–भारत आर्थिक एवं सामाजिक सरोकारमा सहकार्यका लागि यस्तो पहल भएको अध्यक्ष टेमानीले बताए। नेपाल–भारत आर्थिक र सामाजिक सहकार्यका विषयमा निरन्तर संवाद र सहकार्य गर्ने निर्णय पनि भेलाले गरेको छ।

संस्थाको उपाध्यक्ष प्रकाश खण्डेलवाल, कोषाध्यक्ष माधव राजपाल र सचिव ओमप्रकाश खनाल छन्। सदस्यहरूमा गणेशप्रसाद लाठ, प्रदीपकुमार केडिया, ओमप्रकाश शर्मा, इन्दुशेखर मिश्र, सञ्जय खेतान, हरि गौतम, रितेश त्रिपाठी, महेशचन्द्र गौतम र जगदीश रूँगटा रहेका छन्। नेपाल–भारतबीच आर्थिक र सामाजिक आयामलाई आपसी हित प्रवर्द्धनमा केन्द्रित गर्न सरोकारका निकायहरूसित संवाद र साझेदारी गरिने फोरमले बताएको छ। नेपाल र भारतबीच अर्थ–सामाजिक सम्बन्ध अझ प्रगाढ बनाउने उद्देश्यले फोरम गठन भएको टेमानीले बताए।

# जीतपुरमा गौ संरक्षण समाज नेपाल गठन

प्रस, जीतपुर, २५ पुस/

जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुरमा शनिवार सर्वपक्षीय भेला सम्पन्न भएको छ। भेलाले सनातन धर्म शिक्षा उत्थान तथा गौ संरक्षण समाज नेपाल नामक संस्थाको पदाधिकारी चयन गरेको सल्लाहकार पूर्व प्राचार्य डिल्लीराम शर्माले बताए।

सो समाजका अध्यक्ष महम्मद कलाम आजाद, उपाध्यक्ष चित्ररेखा चौधरी, कोषाध्यक्ष बिन्दाप्रसाद रौनियार, सचिव प्रमोदकुमारलाल कर्ण, सदस्यहरू सियापतिदेवी, ललितादेवी, हाकीम मियाँ धोबी, हरिसहनी मलाह, रामाशीष साह, गोपाल साहलगायत छन्।

समाजको पहिलो बैठकले कार्यालय स्थापना, सञ्चालन तथा विविध विषयमा निर्णय गरेको छ। जिल्ला प्रशासन कार्यालय बारा, कलैयामा यही पुस २० गते संस्था दर्ता भएको जनाइएको छ।

# निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, २५ पुस/

नेपाल सरकार स्वास्थ्य विभागद्वारा धोबिनी गाउँपालिकाको भीखमपुर माविमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

आँखा शिविरमा १४२ जनाको आँखा परीक्षण गर्दा ५५ जनामा मोतियाबिन्दु भेटिएको उपेन्द्र पटेलले जानकारी दिए। प्रदेशसभा सदस्य सिंहासन साहले उद्घाटन गरेको निश्शुल्क स्वास्थ्य शिविरमा डा. मनोरञ्जन यादवले आँखा परीक्षण गरेका थिए।

किरण आँखा अस्पतालको प्राविधिक सहयोगमा शुरू भएको निश्शुल्क आँखा शिविरमा मदनप्रसाद चौहान, नरेशप्रसाद कुर्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# टिपर पल्टिदा पाँचजना घाइते

प्रस, बिरुवागुठी, २५ पुस/

पर्सागढी नगरपालिका–३ बडनिहार गाउँ नजीक जनता सडकमा शनिवार बालुवा लोड टिपर पल्टँदा पाँचजना घाइते भएका छन्। घाइतेहरू सबै महिला रहेको प्रहरीले जनाएको छ।

रङ्गपुरबाट बालुवा लोड गरी जितपुर तर्फ गइरहेको पप्पु कन्ट्रक्शन प्रालिको नाअयो ११४ न को टिपर पल्टँदा टिपरमा सवार पाँचजना महिला घाइते भएका हुन्। घाइते हुनेमा सखुवापरसौनी–१ दोहरी निवासी तारादेवी साह, सावित्रीदेवी, सञ्चितादेवी, सर्लीदेवी र चैतीदेवी छन्। घाइतेहरूलाई उपचारका लागि वीरगंज पठाइएको प्रहरी चौकी बिरुवागुठीले जनाएको छ। टिपरको चालक र सह चालक फरार रहेकाले उनीहरूको खोजी भइरहेको छ।

# कुखुरा र अन्डा नष्ट

प्रस, वीरगंज, २५ पुस/

सशस्त्र प्रहरी र नेपाल प्रहरीले भारतबाट भित्रिएको बोइलर कुखुरा बरामद गरी नष्ट गरेको छ।

वीरगंज भन्सारमा खटेको सशस्त्रको टोलीले १६० थान कुखुरा बरामद गरेको र प्रहरी चौकी इनर्वाले १२० कुखुरा र ४ केरेट अन्डा बरामद गरी सरोकारवालाहरूको रोहबरमा नष्ट गरेको प्रनानि पूर्णप्रसाद दाहालले बताए।




# खेलकुदको संसार

## प्रधानसेनापति ट्रफी : १६ नं. वाहिनी अड्डा टिम च्याम्पियन

काठमाडौं, २५ पुस/रासस

प्रधानसेनापति ट्रफी खेलकुद प्रतियोगिता अन्तर्गत शुक्रवार सम्पन्न खेलमा १६ नम्बर वाहिनी अड्डा टिम च्याम्पियन बनेको छ। शुक्रवार भएका खेलको नतीजाका आधारमा १६ नम्बर वाहिनी च्याम्पियन बनेको हो।

प्रतियोगितामा उत्तर पश्चिम पृतना दोस्रो तथा उपत्यका पृतना तेस्रो भएका छन्। यस्तै खेल प्रदर्शनका आधारमा



तस्वीरः रासस

जगदल गण पहिलो, दुर्गा बक्स गण दोस्रो तथा ज्वाला दल गण तेस्रो भएका छन्।

सुटिङ अन्तर्गत मिक्स पेस्तोलतर्फ शुक्रवार सम्पन्न फाइनल खेलमा १६ नम्बर वाहिनी अड्डाको जगदल गण पहिलो भयो। जगदल गणका गनर दीपक ओड र राधिका घर्ती ६५६ अङ्क प्राप्त गर्दै प्रथम भए। सोही स्पर्धामा उत्तर पश्चिम पृतनाको नन्द बक्स गणका सिपाही आदित्य खड्का र ज्वाला दल गणकी सिपाही विमला भण्डारी दोस्रो तथा १३ नम्बर वाहिनी अड्डाको नम्बर २ राजदल गणका अमलदार कृष्ण शाही र सोही गणकी गनर दिलकुमारी रम्जाली तृतीय भए। खड्का र भण्डारीले कुल ६३२ तथा शाही र रम्जालीले कुल ६२७ अङ्क प्राप्त गरेको सैनिक शारीरिक तालीम तथा खेलकूद केन्द्र, जङ्गी अड्डाले जनाएको छ।

यस्तै शुक्रवारै सम्पन्न मिक्स राइफलतर्फ १६ नम्बर वाहिनी अड्डाको जगदल गणका प्यूठ पूर्णकुमार श्रेष्ठ र सोही गणकी प्यूठ खेमा शाही पहिलो भए। श्रेष्ठ र शाहीले कुल ७२६ अङ्क प्राप्त गरे। सो स्पर्धामा उपत्यका पृतनाको दी फेमस महेन्द्र दल गणका सिपाही मनोज बस्नेत र दुर्गा बक्स गणकी अमलदार हेमा चौधरी कुल ७१४ अङ्कका साथ दोस्रो तथा १५ नम्बर वाहिनी अड्डाको गणेश दल गणका सिपाही टङ्कप्रसाद जैसी र सिग्नल तालीम शिक्षालयकी हवल्दार दीपा बूढामगर कुल ७०७ अङ्कका साथ तेस्रो भए।

यसैगरी सुटिङ अन्तर्गत पुरुष पेस्तोलतर्फ उत्तर पश्चिम पृतनाको नन्द बक्स गणका सिपाही आदित्य खड्का ३१८ अङ्क प्राप्त गर्दै पहिलो, १६ नम्बर वाहिनी अड्डाको जगदल गणका गनर दीपक ओड ३२१ अङ्कका साथ दोस्रो तथा मध्य पृतनाको चन्दनाथ गणका प्यूठ सुशान्त राई ३२० अङ्कका साथ तेस्रो भए। महिला पेस्तोलतर्फ १३ नम्बर वाहिनी अड्डाको नम्बर २ राजदल गणकी गनर दिलकुमारी रम्जाली ३४३ अङ्कका साथ पहिलो, १६ नम्बर वाहिनी अड्डाको जगदल गणकी गनर राधिका घर्ती ३३५ अङ्कसहित दोस्रो तथा पूर्वी पृतनाको पशुपतिप्रसाद गणकी सिपाही अञ्जु विक ३१८ अङ्क प्राप्त गर्दै तेस्रो भए।

यस्तै शुक्रवारै सम्पन्न पुरुष राइफलतर्फ उत्तर पश्चिम पृतनाको ज्वाला दल गणका प्यूठ नारायणसिंह दोङ ३९१ अङ्क प्राप्त गर्दै पहिलो, १५ नम्बर वाहिनी अड्डाको गणेश दल गणका सिपाही टङ्कप्रसाद जैशी ३७३ अङ्कका साथ दोस्रो तथा १६ नम्बर वाहिनी अड्डाको जगदल गणका प्यूठ पूर्णकुमार श्रेष्ठ ३५८ अङ्क प्राप्त गर्दै तेस्रो भए। महिला राइफलतर्फ उपत्यका पृतनाको दुर्गा बक्स गणकी अमलदार हेमा चौधरी ३७३ अङ्कका साथ पहिलो, मध्य पृतनाको सिद्धिबक्स गणकी सिपाही राधा गुरुङ ३६९ अङ्क प्राप्त गर्दै दोस्रो तथा १६ नम्बर वाहिनी अड्डाको जगदल गणकी प्यूठ खेमा शाही ३६८ अङ्कका साथ तेस्रो भए।

यसैगरी हालसम्मको खेल प्रदर्शनका आधारमा पुरुषतर्फ उत्तर पश्चिम पृतनाको ज्वाला दल गणका प्यूठ नारायणसिंह दोङ ३९१ अङ्कका साथ तथा महिलातर्फ उपत्यका पृतनाको दुर्गा बक्स गणकी अमलदार हेमा चौधरी ३७३ अङ्क प्राप्त गर्दै उत्कृष्ट खेलाडी घोषित भए।

यस्तै फूटबलमा राजदल गणले सिद्धिदल गणलाई ३–१ गोलले, सिंहनाथ गणले दुर्गा बक्स गणलाई २–० गोलले, जगदल गणले कालीसिद्धि गणलाई २–१ गोलले तथा पश्चिम पृतनाको इएमई गणले युद्धकवाज गणलाई ४–१ गोलले पराजित गरेको छ। यसैगरी बास्केटबलतर्फ उपत्यका पृतनाले १५ नम्बर वाहिनीलाई ६२–३६ अङ्कले, विशेष फौज वाहिनीले १७ नम्बर वाहिनीलाई ६८–४१ अङ्कका साथ तथा मध्य पृतनाले पश्चिम पृतनालाई ७४–४७ अङ्कले पराजित गरेको छ। शुक्रवारै भएको भलिबल खेलमा १३ नम्बर वाहिनीले १६ नम्बर वाहिनीलाई ३–२ सेटले तथा उपत्यका पृतनाले १४ नम्बर वाहिनीलाई ३–० सेटले पराजित गरेको जङ्गी अड्डाले जनाएको छ।

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' नारासहित प्रधानसेनापति ट्रफी खेलकूद प्रतियोगिता, २०७७ बुधवारदेखि सञ्चालन भएको हो। सो प्रतियोगिता माघ २ गतेसम्म चल्नेछ। प्रतियोगितामा नेपाली सेनाको १५ टोलीको सहभागिता रहेको छ। सेनाले विसं २०६५ देखि प्रधानसेनापति ट्रफी खेलकूद प्रतियोगिता आयोजना गर्दै आएको छ।

# बहुदरमाईमा ओलीपक्षको वृहत् भेला

प्रस, वीरगंज, २५ पुस/

बहुदरमाई नगरपालिकामा नेकपा ओली पक्षको वृहत् नगर भेला शनिवार सम्पन्न भयो। संसद् विघटन र अबको बाटोबारे पार्टीका नेता कार्यकर्ताहरूलाई प्रस्टचाउन भेला आयोजना गरिएको सो पार्टीले जनाएको छ।

सो पार्टीका नेता प्रमोद कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा मुख्य अतिथि पार्टीका पर्सा जिल्ला अध्यक्ष प्रभु हजराले प्रधानमन्त्री ओलीको कदम राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा रहेको बताउँदै पार्टी भित्रैबाट असहयोग र मुलुकमा अस्थिरता फैलाउन खोज्नेहरूबाट निकास पाउन पनि जनमतमा जानुपरेको बताए।

कार्यक्रममा संविधानसभा सदस्य तथा नेकपाका केन्द्रीय सदस्य राजकुमार गुप्ताले हिजो ओलीको नेतृत्वलाई पत्याएर मतदाताले मतदान गरेको भन्दै आज उनै ओलीलाई कामै गर्न नदिएर भाँजो हाल्ने र पदच्युत गर्ने षड्यन्त्रसमेत भएकोले जनताको नासो जनतामा नै बुझाउनु प्रधानमन्त्री ओलीको लोकतान्त्रिक अध्यासको नमुना भएको बताए। नियम


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेता गुप्ता। तस्वीरः प्रतीक

कानुन बनाउने, स्थानीय तह र प्रदेशलाई व्यवस्थित गर्दै नयाँ प्रणाली अनुसार मुलुकलाई लैजान निकै चुनौतीपूर्ण काम वर्तमान सरकारले गरेको चर्चा गर्दै नेता गुप्ताले राष्ट्रियता, जनजीविका र विकास निर्माणमा पनि महत्त्वपूर्ण कामहरू भएको दाबी गरे।

सो अवसरमा संविधानसभा सदस्य एवं केन्द्रीय सदस्य प्रद्युम्न चौहान, फूलझरीदेवी, प्रदेश कमिटी सदस्य तेजप्रकाश निषाद, नेकपा युवा नेता यशवन्त यादव, हनिफ अंसारी, सुरज कलवार, विन्ध्याचल ठाकुर, खुरम आलमलगायतले मन्तव्य व्यक्त गरेका जिल्ला कमिटी सदस्य सञ्जीव मिश्राले जानकारी गराएका छन्।


स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।
